# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, नेपाल

प.सं. :- २०७८/०७९
च.नं. :- ३३८

मिति:२०७८/०५/२८

श्री वडा सचिवहरु सबै
किस्पाङ गाउँपालिका
नुवाकोट

विषय : निर्देशन कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत बिषयमा राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागको च.नं.६१, मिति २०७८/०४/०३ को पत्रानुसार गत आ.ब. मा भत्ता प्राप्त गरिरहेका सामाजिक सुरक्षा लाभग्राहीहरुले यस आ.ब.मा पनि भत्ता प्राप्त गर्नका लागि अनिवार्य रुपमा परिचयपत्र नवीकरण गर्नु पर्ने ब्यवस्था अनुरुप यस गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालयहरुले श्रावण १ गते देखि सामाजिक सुरक्षा लाभग्राही परिचयपत्र नवीकरण गरिरहेको भएतापनि आजको मिति सम्ममा पनि MIS System मा पूर्ण रुपमा नवीकरण भएको नदेखिएकोले सम्पूर्ण वडा सचिव ज्यु हरुलाई देहाय बमोजिम कार्य गर्नु गराउनु हुन अनुरोध छ ।

देहाय:

१। भाद्र मसान्त भित्र अनिवार्य रुपमा नवीकरण गर्नुपर्ने ।

२। गत आ.ब. मा नियमित भत्ता प्राप्त गरिरहेको भएतापनि भाद्र मसान्त भित्र नवीकरण नभएमा सम्बन्धित लाभग्राहिको लगत कट्टा हुने हुँदा पुन भत्ता प्राप्त गर्नका लागि नयाँ लाभग्राहिको रुपमा दर्ता गर्नुपर्ने भएकोले बिचको महिनाको भत्ता छुट्ने हुँदा अनिवार्य रुपमा नवीकरण गर्नु गराउनु हुन ।

३। वडा भित्रका लाभग्राहीहरुलाई सम्बन्धित वडा समिति र अन्य आवश्यक संयन्त्र परिचालन गरि नवीकरण गर्न सहजीकरण गर्ने ब्यबस्था मिलाउने ।

४। नवीकरण छुट भई भत्ता निकासा हुन नसकेमा सम्बन्धित वडा कार्यालय जवाफदेही हुनुपर्नेछ ।

५। उमेर पुगेका नयाँ लाभग्राहिको दर्ता निरन्तर रुपमा गर्ने ।

बोधार्थ:

१। श्रीमान गाउँपालिका अध्यक्ष / उपाध्यक्ष ज्यू - जानकारीको लागि ।

२। श्री वडा अध्यक्ष ज्यु हरु सबै - वडा समिति परिचालन गरि सबै लाभग्राहीहरुको परिचयपत्र नवीकरण हुने ब्यबस्था मिलाउनुहुन ।

२०७८/५/२८

खुम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

Website:- www.kispangmun.gov.np; Contact no.:-010-681217 E-mail:-kispangrm@gmail.com

Scanned with CamScanner